# एनआरएन इन्भेष्टमेन्ट लिमिटेड

## प्रथम वार्षिक साधारण सभाको वार्षिक प्रतिवेदन

## २०६९/०७०

काठमाण्डौ, फोन नं. ९७७-०१-४००२६३८,
फ्याक्स नं. ९७७-०१-४००२६३९
Website: www.nrnil.com / www.nrninvestmentltd.com.np
E-mail:nrninvestmentltd@gmail.com

# सञ्चालक समिति



जीवनाथ लामिछाने
(अध्यक्ष)



रामेश्वर शाह
( प्रबन्ध सञ्चालक)



शेष घले
(सञ्चालक)



कुमार पन्त
(सञ्चालक)



कृष्णप्रसाद पाण्डे
(सञ्चालक)



महेशकुमार श्रेष्ठ
(सञ्चालक)

**एनआरएन इन्भेष्टमेन्ट लिमिटेड**
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
काठमाण्डौ, फोन नं. ९७७-०१-४००२६३८, फ्याक्स नं. ९७७-०१-४००२६३९
Website: www.nrnil.com /
www.nrninvestmentltd.com.np
E-mail:nrninvestmentltd@gmail.com/ info@nrnil.com

## प्रथम वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावज्यूहरू,**

यस कम्पनीको मिति २०७०/०४/२३ मा बसेको सञ्चालक समितिको आठौं बैठकको निर्णयानुसार यस एनआरएन इन्भेष्टमेन्ट लिमिटेडको प्रथम वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयधनीमहानुभवहरूको उपस्थितिका लागि हार्दिक अनुरोध छ। यस सम्बन्धी सूचना सम्पूर्ण शेयरधनीमहानुभावहरूको ठेगाना ( घर, फोन, फ्याक्स, इमेल मार्फत) जानकारी गराई सकिएको छ। कुनै कारणबस सूचना प्राप्त हुन नसकेको भएमा यसैलाई सूचना मानी उपस्थित हुनको लागि यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७०/०७/०८(२५ अक्टोवर, २०१३) शुक्रबार।
समय : विहान १०:०० बजे
स्थान : होटल साग्रीला, काठमाण्डौ।

**छलफलका विषयहरू :**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ. व. २०६९/०७० को प्रतिवेदन उपर छलफल तथा निर्णय पारीत गर्ने।

२. आ. व. २०६९/०७० को लेखापरीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्त सम्मको वासलात र आ. व. २०६९/०७० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारीत गर्ने।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. २०७०/०७१ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारीश्रमीक निर्धारण गर्ने।

४. संस्थापक शेयरधनी समुहको प्रतिनिधित्व गर्ने सञ्चालकहरूको निर्वाचन गर्ने सम्बन्धमा।

५. कम्पनीको रजिष्टर्ड ठेगाना परिर्वतनका लागि प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारीत गर्ने सम्बन्धमा।

६. विविध।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

नोट :- अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ, फोन नं. ९७७-०१-४००२६३८मा सम्पर्क राख्नु हुन अनुरोध गरीन्छ।

**प्रतिनिधि पत्र**

श्री सञ्चालक समिति
एन.आर.एन. इन्भेष्टेन्ट लिमिटेड
काठमाण्डौ

विषय : **प्रतिनिधि नियुक्त गरेको बारे**

महाशय,

.................................. जिल्ला .................................. न. पा./गा. वि. स. वडा नं. ......... बस्ने म ........................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७० साल कार्तिक ८ गते (२५ अक्टोवर २०१३) शुक्रबारका दिन हुने साधारणसभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि .................................... जिल्ला .................................. न.पा./ गा. वि. स. वडा नं. ......... बस्ने त्यस कम्पनीका शेयरधनी श्री ........................................... लाई मेरो प्रतिनिधि मनोनित गरी पठाएको छु ।

**निवेदक**

दस्तखत :

....................................................

प्रतिनिधिको दस्तखत नमुना

नाम :

ठेगाना :

मिति :

द्रष्टव्य : यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नु पर्नेछ ।

एनआरएन इन्भेष्टमेन्ट लि.को
प्रथम वार्षिक साधारणसभामा
सञ्चालक समितिको तर्फबाट प्रस्तुत
<u>वार्षिक प्रतिवेदन</u>

**आदरणीय शेयरधनी महानुभावहरू**

सर्वप्रथम यस एनआरएन इन्भेष्टमेन्ट लि.को प्रथम वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई सञ्चालक समिति र मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक स्वागत गर्दछु । कम्पनीको सञ्चालक समितिको तर्फबाट शेयरधनी लगायत आमन्त्रित महानुभावहरू समक्ष वार्षिक प्रतिवेदन पेश गर्न पाउँदा खुशी लागेकोछ ।

देशमा प्रचलित ऐन तथा सरकारी निति नियम बमोजिम स्थापित यस कम्पनीलाई एक नाफा मूलक, स्वनिर्भर तथा जलविद्युत जस्तो उत्पादन मूलक क्षेत्रमा लगानी गर्ने गैरआवासिय नेपालीहरूको मूख्य लगानी रहेको निजी क्षेत्रको एक संगठित संस्थाको रूपमा विकसित गर्न यहाँहरूबाट प्राप्त अमूल्य सहयोगका लागि सञ्चालक समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै यस किसिमको सहयोग सद्भाव निरन्तर प्राप्त हुने अपेक्षा गर्दछु ।

कम्पनीले आ. व. २०६९/७० मा गरेको कारोवारको समिक्षा गरी चालु एवं आउँदा आ. व.हरूमा यहाँहरूबाट प्राप्त राय सुझवहरू संस्थाको लागि सदाझै मार्गदर्शनका रूपमा रहने कुरामा हामी विश्वस्त छौ । आ. व. २०६९/७० को संस्थाको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण लगायत लेखापरीक्षकबाट पेश गरिएको प्रतिवेदन यस अघिनै अध्ययनका लागि यहाँहरूलाई उपलब्ध गराई सकिएकोले अनुमोदनकालागि प्रस्तुत गर्न चाहन्छौ ।

**यस कम्पनीको कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिमको सञ्चालक समितिको प्रतिवेदन निम्न अनुसार रहेको व्यहोरा अनुरोध गर्दछु ।**

**(क) विगत वर्षको कारोवारको सिंहावलोकन**

विगत केही वर्ष देखि देशमा विद्यमान राजनितिक अस्थिरताको कारणले आर्थिक क्षेत्रमा समेत प्रतिकुल प्रभाव परेको तथ्य सर्वविदितैछ । मुलुकको अत्यन्तै प्रतिकुल परिस्थितिमा पनि यस कम्पनीका व्यवसायीक कार्य संतोषजनक नै रहेकोछ । प्रस्तुत वर्षको कम्पनीको आर्थिक कारोवारको अवस्था तपसिल बमोजिम प्रस्तुत गरीएकोछ

**तपसिल**

| विवरण | आ.व.०६९/७० |
|---|---|
| चुक्ता पुँजी | २४,९६,४८,१०० |
| प्रशासकिय तथा अन्य खर्च | ३६,०२,१८७ |

**(ख) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असर**

गत आ. व. हरूमा जस्तै उद्योग, वाणिज्य एवं समग्र आर्थिक क्षेत्रमा सिथिलता कायमै रहेकोले लगानीका अवसरहरू घट्न गई देशको अर्थिक, सामाजिक एवं व्यावसायिक क्षेत्र प्रभावित रहन पुगेको तथ्य सर्व विदितैछ । यसबाट जलविद्युत कम्पनी समेत प्रभावित हुने भएकोले यस कम्पनीको मुख्य उद्देश्य जलविद्युत कम्पनीमा लागनी गर्ने भएको हुँदा केहि चुनौतिहरू समेत थपिन पुगेकाछन् । तर पनि यस चुनौतिबाट उत्पन्नहुने जोखिमहरूलाई कम गर्दै अधिकतम लाभ प्राप्त गर्ने अवसरहरू खोज्न कम्पनी सदा अग्रसर रहने कुरा अनुरोध गर्न चाहन्छु ।

**(ग) प्रतिवेदन तयार भएको मिति सम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :**

स्वदेशी तथा विदेशी विभिन्न जलविद्युत उत्पादन, वितरण, सर्वेक्षण आदि कार्य गर्ने कम्पनीहरूमा लगानी गर्ने एव त्यस्ता कम्पनीहरूको शेयर खरिद गर्ने यस कम्पनीको प्रमुख उद्देश्य बमोजिम यसका शेयरधनीहरूको अधिकतम हितलाई ध्यानमा राखि कार्य गर्न कम्पनी प्रतिबद्ध रहेको कुरा त यहाँहरू सबैलाई अवगत नै छ । यसै उद्देश्य बमोजिम कम्पनीले आफ्नो चुक्ता पूँजीबाट दोर्दी खोला जलविद्युत आयोजनाको निर्माण गर्ने कम्पनी हिमालयन पावर पार्टनर प्रा. लि. शेयर पूँजीको ५१ प्रतिशतले हुने रू. १२,४८,९८,०००/-(अक्षरेपी बाह्र करोड अठ्चालीस लाख अन्ठानब्बे हजार मात्र) को प्रति शेयर रू. १००/- दरका १२,४८,९८० कित्ता शेयर खरिद गरी उक्त कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गरी कम्पनीको व्यवस्थापन गरी रहेको व्यहोरा जानकारी गराउँद छु ।

**(घ) कम्पनीको औद्योगिक वा व्यवसायीक सम्बन्ध :**

यस कम्पनीले आफ्नो व्यवसायिक कार्यमा कुनै कमी कमजोरी आउन नदिन स्थापनाकाल देखिनै आफ्नो व्यवसायीक कारोवार तर्फ समर्पित रहि कम्पनीको कारोवार संग सम्बन्धति व्यक्ति, संस्था, सरकारी निकाय, शेयरधनी महानुभावहरू संग पारदर्शिताको आधारमा सुमधुर सम्बन्ध प्रगाढ पार्दै लगिएको छ ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

कम्पनी स्थापना हुँदा गठन भएको प्रथम सञ्चालक समितिको कार्यकाल प्रथम वार्षिक साधारणसभा नभए सम्मका लागि मात्र वहाल रहने कानूनी व्यवस्था भएकोले । यसै वार्षिक साधारणसभाले आगामी ४ वर्षको कार्यकालका नव नियुक्त सञ्चालकहरूको नियुक्त गरी सञ्चालक समितिको गठन गरीने व्यहोरा जानकारी गराउँद छु ।

**(च) कारोबारलाई असर गर्ने मुख्य कुराहरू :**

विगत केहि वर्षदेखि उत्पन्न अन्तर्राष्ट्रिय आर्थिक मन्दी तथा देशको अस्थिर राजनितीक परिस्थितिले सम्पूर्ण औद्योगिक, व्यवसायिक तथा वित्तीय क्षेत्रमा नकारात्मका प्रभाव परेको छ । त्यसै गरी ऐन, कानून, सरकारी निति नियम आदिमा हुने परिवर्तन र परिमार्जनले कम्पनीको उद्देश्य अनुसारको व्यवसायिक क्रियाकलापमा असर पर्न सक्छ । साथै देशमा हुने बन्द, हड्ताल, चक्काजाम, बाढी, पहिरो, मुद्रा स्फिती, इन्धनमा भएको मूल्य वृद्धि आदि जस्ता प्रतिकुल परिस्थितिहरूले जलविद्युत आयोजना लगायतका क्षेत्रमा समेत नकारात्मक असर पर्ने भएकोले यस कम्पनीले आफ्नो उद्देश्य अनुसार गर्ने लगानिमा समते प्रतिकुल प्रभाव पर्न सक्दछ ।

जबसम्म देशको आर्थिक तथा राजनैतिक गतिविधिमा सुधार हुँदैन तबसम्म कम्पनीको उद्देश्य अनुसारको क्रियाकलाप तिब्र गतिमा अगाडी बढ्न सक्दैन । अहिलेको परिप्रेक्षमा मुलुकमा रहेको अन्यौलको स्थिति, सुरक्षाको प्रत्यामुतिमा कमी, राजनैतिक अस्थिरता लगायत बन्द, हड्ताल आदिले कारोबारलाई असर पारिरहेको यथार्थ यहाँहरूलाई अवगत भएकै छ ।

**(छ) लेखापरिक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिकृया :**

Investment Limited
Kathmandu, Nepal

लेखापरिक्षण प्रतिवेदनमा नियमित कारोबारमा देखिएका समान्य कैफियत प्रतिक्रिया र सुझावहरूमा सञ्चालक समितिको ध्यानाकर्षण भएको छ र सुधारका निम्ति आवश्यक कदम चालिसकिएको छ ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारीस गरिएको रकम :**

यस कम्पनीले जलविद्युत जस्तो दिर्घकालिन क्षेत्रमा लगानि गर्ने भएकाले सोको प्रतिफल प्राप्त गर्न समयलाग्ने हुँदा लाभांश दिन सक्ने अवस्था हाललाई नरहेकोले लाभांश बाँडफाँडको सिफारीस गरीएको छैन ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुन भन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भए पछि सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरबापत रकम फिर्ता गरेको भए सो को विवरण :**

शेयर जफत सम्बन्धी केहि छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेका स्थितिको पुनरावलोकन :**

यस कम्पनीको अरू कुनै सहायक कम्पनी छैन ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

यस कम्पनीको अरू कुनै सहायक कम्पनी छैन । यस कम्पनीले मूख्य रूपमा जलविद्युत आयोजनाको निर्माण तथा सञ्चालन गर्ने कम्पनीहरूमा लगानी गर्ने भएकोले नेपाल सरकार विद्युत विकास विभागबाट लमजुङ जिल्ला स्थित दोर्दी खोला जलविद्युत आयोजना(२७.० मे.वा.)को विद्युत उत्पादनको अनुमति पत्र प्राप्त गरी नेपाल विद्युत प्राधिकरण संग आयोजनाले उत्पादन गर्ने जलविद्युतको खरिद विक्री सम्बन्धी सम्झौता समेत गरीसकी आयोजनाको भौतिक संरचनाहरूको निर्माणको क्रममा रहेको हिमालयन पावर पार्टनर प्रा. लि.को ५१ प्रतिशत शेयरले हुने रू. १२,४८,९८,०००/-( अक्षरेपी बाह्र करोड अठ्चालीस लाख अन्ठानब्बे हजार मात्र ) लगानी गरेको छ ।

यस कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख आर्थिक कारोबार र सो अवधिमा कम्पनीको कारोबारमा आएको महत्वपूर्ण परिवर्तन संलग्न वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा लेखा सम्बन्धी टिप्पणीले स्पष्ट पार्दछ ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरूले कम्पनीलाई कुनै जानकारी उपलब्ध गराएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीको सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामीत्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

आ. व. २०६९/७० को अन्तसम्ममा यस कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूको नाममा तपसिल बमोजिम शेयर कित्ता कायम रहेको छ । निजहरू कम्पनीको शेयरको कारोबारमा संलग्न रहेको पाइएको छैन ।

| नाम, थर | पद | शेयर संख्या |
|---|---|---|

Investment Limited Kathmandu, Nepal

| | | |
|---|---|---|
| श्री जीवनाथ लामिछाने | सञ्चालक -अध्यक्ष | स्वयं - २५,००० कित्ता |
| श्री कुमारप्रसाद पन्त | सञ्चालक सदस्य | स्वयं - २५,००० कित्ता |
| श्री महेशकुमार श्रेष्ठ | सञ्चालक -सदस्य | स्वयं - १२,५०० कित्ता |
| श्री कृष्णप्रसाद पाण्डे | सञ्चालक सदस्य | स्वयं - २५,००० कित्ता |
| श्री शेष घले | सञ्चालक -सदस्य | स्वयं - २५,००० कित्ता |
| श्री रामेश्वर शाह | प्रबन्ध - सञ्चालक | स्वयं - ५,००० कित्ता |

**(ढ) विगत आर्थिक वर्षमा कम्पनी संग सम्बन्धीत सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थ बारेमा उपलब्ध गराईको जानकारीको व्यहोरा :**
त्यस प्रकारको जानकारी उपलब्ध नभएको ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयर संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनले भुक्तानी गरेको रकम :**
कम्पनीले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

**(त ) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**
कम्पनीको कारोबार तथा व्यवस्थापन सुव्यवस्थित रूपमा सञ्चालन गर्नका लागि सञ्चालक समितिले आन्तरीक निर्देशनहरू जारी गरी त्यसको कार्यान्वयन गरीएको छ ।

कम्पनीको सम्पत्तीको जोखिम व्यवस्थापन, वित्तीय तथा लेखा सम्बन्धी प्रक्रियाहरू र नियन्त्रणहरू सम्बन्धमा स्वतन्त्र लेखापरीक्षक T.R. Upadhya and Company, Chartered Accountants का श्री तिर्थ राज उपाध्यायबाट आन्तरीक लेखापरीक्षण गराईएको छ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**
छैन ।

**(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको परिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहिको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**
प्रस्तुत कम्पनी सुचिकृत पब्लिक कम्पनी भैनसकेकोले लेखापरीक्षण समितिको आवश्यकता नभएको हुँदा उल्लिखित समिति गठन गरीएको छैन ।

**(ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**
यस कम्पनीको कुनैपनि पदाधिकारी, शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी रहेको छैन ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरीएको पारिश्रमीक, भत्ता तथा सुविधाको रकम :**
सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई पारिश्रमीक, भत्ता तथा सुविधा भुक्तानी गरीएको छैन ।

**(प) शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
हाल सम्म यस कम्पनीले कुनै लाभांश वितरण गरेको छैन ।

Investment Limited
Kathmandu, Nepal

दफा १४१ बमोजिम सम्पत्ति खरिद गरेको कुरा :
प्रस्तुत आर्थिक वर्षमा कुनै सम्पत्ति खरिद बिक्री गरीएको छैन ।

(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :
कम्पनी ऐनको दफा १७५ बमोजिम कुनै कारोबार नभएको ।

(भ) ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने कुरा :
सञ्चालक समितिले आफ्नो वार्षिक प्रतिवेदनमा पारदर्शिभई खुलाउनु पर्ने विषयका सम्बन्धमा सदैव सचेत रहनेछ र त्यसमा अझ सके सम्म स्पष्ट पार्नु पर्ने कुराहरू प्रष्ट पार्दै लगिनेछ ।

(म) अन्य आवश्यक कुराहरू :
१. यस कम्पनीको आ. व. २०७०/०७१ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक T.R. Uopadhya and Company, Chartered Accountants का श्री तिर्थ राज उपाध्यायलाई सिफारिस गरेका छौं । प्रस्तुत सिफारीस अनुमोदनका लागि अनुरोध छ ।

धन्यवाद ज्ञापन,
कम्पनीलाई विभिन्न माध्यमद्वारा सहयोग तथा मार्गदर्शन प्रदान गर्ने सम्पूर्ण शेयरधनीमहानुभावहरू, लेखापरीक्षक, नेपाल सरकारका सम्बन्धीत निकायहरू लगायत सम्पूर्ण सहयोगीहरूमा सञ्चालक समितिको एवं मेरो व्यक्तिगत तर्फबाट समेत हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै आगामी दिनमा पनि सहयोग तथा सुझावहरूको अपेक्षा गर्दछु । धन्यवाद

..............................
जीवनाथ लामिछाने
सञ्चालक-अध्यक्ष

..............................
रामेश्वर शाह
प्रबन्ध सञ्चालक

**T. R. Upadhya & Co.**
*Chartered Accountants*

61 Anamika Galli
Baluwatar
Post Box No. 4414
Kathmandu, Nepal

Telephone: 977 (1) 4410927, 4414695
Fax: 977 (1) 4413307
E-mail: trunco@ntc.net.np

**The Share holders**

## NRN INVESTMENT LTD

### Independent Auditor's Report

We have audited the accompanying Balance Sheet of NRN Investment Limited as of 15 July 2013, the Income Statement and Cash Flow statement for the period from 16 September 2012 to 15 July 2013. These financial statements are the responsibility of the management of the Company. Our responsibility is to express an opinion thereon based on our audit.

We conducted our audit in accordance with Nepal Standards on Auditing. Those Standards require that we plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement. An audit includes examining on a test basis, evidence supporting the amounts and disclosures in the financial statements. An audit also includes assessing the accounting principles used and significant estimates made by management, as well as evaluating the overall financial statement presentation. We believe that our audit provides a reasonable basis for our opinion.

As required by the Companies Act 2063, we report that:

a. We have obtained information and explanations, which, to the best of our knowledge and belief, were necessary for the purpose of our audit.

b. In our opinion, proper books of account as required by law have been kept by the Company.

c. So far as appears from our examination of books the Balance Sheet, Income Statement and the Cash Flow Statement have been prepared in accordance with the Nepal Accounting Standards and presentational requirement of the Companies Act 2063 and are in agreement with the books of account maintained by the Company.

d. Subject to matters referred in note 3.4 of the financial statements relating to issue of shares and other regulatory approval, to the best of our information and according to explanations given to us and from our examination of the books of account necessary for the purpose of our audit, we have not come across cases where Board of Directors or any employees of the Company have acted contrary to the provisions of law, or committed any misappropriation or caused loss or damage to the Company and we did not come across any fraudulent cases relating to the accounts.

In our opinion, the financial statement read together with the notes gives a true and fair view of the financial position of the Company as at 15 July 2013, its result of operations and cash flows for the period from 16 September 2012 to 15 July 2013 in accordance with Nepal Accounting Standards and Generally Accepted Accounting Practices in Nepal and comply with the provisions of the Companies Act 2063.

T R Upadhyay
*Senior Partner*

Kathmandu
7 August 2013

**NRN Investment Limited**
**Nagpokhari 1, Kathmandu**
**Balance Sheet**
**As at 15 July 2013**

| Particulars | Sch | As at 15-Jul-13 Rs. | As at 15-Jul-12 Rs. |
|---|---|---|---|
| **Capital and Reserves** | | 249,698,592 | |
| Share capital | 1 | 247,529,038 | |
| Reserve and surplus | 2 | 2,169,554 | - |
| **Fixed assets less depreciation** | 3 | 509,158 | - |
| Investments (1,248,980 ordinary shares of Rs. 100 each fully paid in Himalayan Power Partner Pvt. Ltd.) | | 124,898,000 | - |
| **Current Assets** | | 131,142,031 | - |
| Cash and Cash Equivalents | 4 | 130,153,723 | - |
| Prepaid, advances, loans and deposits | 5 | 988,309 | - |
| **Less: Current Liabilities and Provisions** | | 6,850,597 | - |
| Sundry Creditors and Other Liabilities | 6 | 6,062,078 | - |
| Provision for Income Tax | | 788,519 | - |
| **Net Current Assets** | | 124,291,434 | - |
| **Net Worth** | | 249,698,593 | - |
| **Significant Accounting Policies and Notes to Account** | 8 | | |

Jiba Nath Lamichhane
Chair Person

Rameshwar Shah
Managing Director

Usha Khatiwada
Chief Operating Officer

This is the Balance Sheet referred to in our report of even date attached

Tirtha Raj Upadhyay
*Senior Partner*
T R Upadhya & Co.
Chartered Accountants

Place : Kathmandu
Date: 7 August 2013

**NRN Investment Limited**
**Nagpokhari 1, Kathmandu**
**Income Statement**
**For the period from 16 September 2012 to 15 July 2013**

| Particulars | Schedules | Current Period Rs. | Previous Period Rs. |
|---|---|---|---|
| Revenue (Interest Income) | | 6,671,408 | |
| Other Income | | 38.533 | |
| **Total** | | 6,709,941 | - |
| Administrative expenses | 7 | 3,602,187 | |
| **Profit/(loss) from operation** | | 3,107,754 | - |
| Depreciation | 3 | 149,681 | |
| **Profit(loss) before provision for bonus** | | 2,958,073 | - |
| Provision for Bonus | | | |
| **Profit(loss) before tax** | | 2,958,073 | - |
| Current tax | | 788.519 | |
| Deferred Tax | | - | - |
| **Profit(loss) after tax** | | 2,169,554 | - |
| Profit/ (loss) brought forward from Previous Year | | - | - |
| **Balance of profit (loss) transferred to balance sheet** | | 2,169,554 | - |
| **Significant Accounting Policies and Notes to Account** | 8 | | |

Jiba Nath Lamichhane
Chair Person

Rameshwar Shah
Managing Director

Usha Khatiwada
Chief Operating Officer

This is the Income Statement referred to in our report of even date attached

Tirtha Raj Upadhyay
Senior Partner
T R Upadhya & Co.
Chartered Accountants

Place : Kathmandu
Date: 7 August 2013

**NRN Investment Limited**
**Nagpokhari 1, Kathmandu**
**Cash Flow Statement**
**For the period from 16 September 2012 to 15 July 2013**

| Particulars | Current Period Rs. | Previous Period Rs. |
|---|---|---|
| A CASH FLOWS FROM OPERATING ACTIVITIES | | |
| **1. Net Profit/ (Loss) after taxation and extraordinary items** | 2,169,554 | - |
| Adjustment for | | |
| Provision for income tax | 788,519 | |
| Depreciation | 149,681 | |
| **2. Operating Profit and Loss before working capital changes** | 3,107,754 | - |
| Increase in current assets (prepaid loan and advances) | (988,309) | - |
| Increase in current liabilities and provisions | 6,062,078 | - |
| **Cash generated from operation** | 8,181,524 | - |
| Interest paid | - | - |
| Prior Period Expenses | - | - |
| **Net cash flows from operating activities** | 8,181,524 | - |
| B CASH FLOWS FROM INVESTMENT ACTIVITIES | | |
| Purchase of property plant and equipment | (658,839) | |
| Increase in Investments | (124,898,000) | |
| **Net cash used in investing activities** | (125,556,839) | - |
| C CASH FLOWS FROM FINANCING ACTIVITIES | | |
| Proceed from issue of Share Capital | 247,529,038 | |
| **Net cash from financing activities** | 247,529,038 | - |
| **Net increase/ (decrease) in cash (A+B+C)** | - | - |
| Cash and cash equivalents at the beginning of the period | - | - |
| **Cash and cash equivalents at the end of the period** | 130,153,723 | - |

Jiba Nath Lamichhane
Chair Person

Rameshwar Shah
Managing Director

Usha Khatiwada
Chief Operating Officer

This is the Cash Flow Statement referred to in our report of even date attached

Tirtha Raj Upadhyay
Senior Partner
T R Upadhya & Co.
Chartered Accountants

Place : Kathmandu
Date: 7 August 2013

**NRN Investment Limited**
**Nagpokhari 1, Kathmandu**

**Statement of Change in Equity**
**for the year ended 15 July 2013**

| | Share Capital | Accumulated profit/ (loss) | Total |
|---|---|---|---|
| Opening Balance as on 16 July 2012 | - | - | - |
| Change in accounting policy | - | - | - |
| Prior Period Expenses | - | - | - |
| Restated balance | - | - | - |
| Retained earning / (loss) for the period | - | 2,169,554 | 2,169,554 |
| Transfer to general reserve | - | - | - |
| Provision for Dividend | - | - | - |
| Issue of share capital | 247,529,038 | - | 247,529,038 |
| Balance as at 15 July 2013 | 247,529,038 | 2,169,554 | 249,698,592 |

NRN Investment Limited
Nagpokhari 1, Kathmandu

**Schedule 1: Share capital**

| Particulars | As at 15 July 2013 Rs. | As at 15 July 2012 Rs. |
|---|---|---|
| **Authorized Capital** | | |
| 50,000,000 ordinary shares of Rs. 100 each | 5,000,000,000 | - |
| **Issued Capital** | | |
| 50,000,000 ordinary shares of Rs. 100 each | 5,000,000,000 | - |
| **Subscribed and Paid Up Capital** | | |
| 2,496,481ordinary shares of Rs. 100 each | 249,648,100 | - |
| Less : Calls in Arrears | (2,119,062) | - |
| **Paid Up Capital** | 247,529,038 | - |

**Schedule 2: Reserves & Surplus**

| Particulars | As at 15 July 2013 Rs. | As at 15 July 2012 Rs. |
|---|---|---|
| **Accumulated Profit / (Loss)** | | |
| Upto Previous year | - | - |
| Retained Earnings for the year | 2,169,554 | - |
| **Total** | 2,169,554 | - |

**Schedule 4: Cash and cash equivalents**

| Particulars | As at 15 July 2013 Rs. | As at 15 July 2012 Rs. |
|---|---|---|
| Cash in hand | 6,160 | - |
| Cash at Bank - Current Account | 566,607 | - |
| Cash at Bank - Call Account | 129,580,956 | - |
| **Total** | 130,153,723 | - |

**NRN Investment Limited**
**Nagpokhari 1, Kathmandu**

**Schedule 5: Prepaid, Loans, Advances and deposits**

| Particulars | As at 15 July 2013 Rs. | As at 15 July 2012 Rs. |
|---|---|---|
| Advance to employees | 5,200 | - |
| Advance Income Tax | 981,109 | - |
| Security Deposit | 2,000 | - |
| **Total** | **988,309** | - |

**Schedule 6: Sundry Creditors and Other Liabilities**

| Particulars | As at 15 July 2013 Rs. | As at 15 July 2012 Rs. |
|---|---|---|
| TDS Payable | 47,452 | - |
| Sanima Hydro & Engineering Pvt. Ltd | 613,450 | - |
| Advance against share subscriptions pending adjustment | 5,277,714 | - |
| Other Payables | 123,462 | - |
| **Total** | **6,062,078** | - |

**NRN Investment Limited**
**Naggpokhari 1, Kathmandu**

**Schedule 7: Administrative Expenses**

| Particulars | Current Period Rs. | Previous Period Rs. |
|---|---|---|
| Salary Expenses | 538,400 | |
| Advertisement Expenses | 24,021 | - |
| Audit Fees | 100,000 | - |
| Bank Charges | 11,321 | - |
| Fuel Expenses | 9,960 | - |
| House Rent Expenses | 177,776 | - |
| Legal Expenses | 105,000 | - |
| Meeting Expenses | 15,160 | - |
| News Paper and Magzine Expenses | 6,800 | - |
| Office Expenses | 38,087 | - |
| Office Supplies | 19,979 | - |
| Pre-Operating Expenses | 1,000 | - |
| Project Development Expenses | 881,905 | - |
| Registration and Renewal | 1,511,800 | - |
| Stationery,Printing & Photocopy Expenses | 73,845 | - |
| Telephone & Fax Expenses | 34,751 | - |
| Travel & Convence Charge Expenses | 670 | - |
| Wages Expenses | 3,200 | - |
| Water and Electricity Expenses | 840 | - |
| Website Design & Development Expenses | 38,650 | - |
| Donation Expenses | 1,000 | - |
| Miscellaneous Expenses | 8,022 | - |
| **Total** | **3,602,187** | - |

**NRN Investment Limited**
Nagpokhari 1, Kathmandu
SCHEDULE - 3
ANNEXED TO AND FORMING PART OF THE BALANCE SHEET AS AT 15.07.2013
**FIXED ASSETS & DEPRCIATION**

Amount in Rs

| Particulars | Rate | Acquisition Cost | Opening Tax Base as on 16.07.2012 | Additions during the year | Absorbed Additions | Disposal | Depreciation base for the year | Opening Depreciation | Depreciation for the period | WDV as on 15.07.2013 | Unabsorbed Addition | Depreciation Base for Next Year |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Buildings and Structures (A) | 5% | - | - | - | - | - | - | - | - | - | - | - |
| Computer, Office Equipment and Furniture (B) | 25% | 548,099 | - | 548,099 | 548,099 | - | 548,099 | - | 137,025 | 411,074 | - | 411,074 |
| Vehicle (C) | 20% | - | - | - | - | - | - | - | - | - | - | - |
| Other Assets (D) | 15% | - | - | - | - | - | - | - | - | - | - | - |
| Block (E) | | - | - | - | - | - | - | - | | - | - | - |
| Share Plus Software | | 79,100 | - | 79,100 | 52,733 | - | 52,733 | - | 10,547 | 42,187 | 26,367 | 68,553 |
| Tally ERP 9 Silver | | 31,640 | - | 31,640 | 10,547 | - | 10,547 | - | 2,109 | 8,437 | 21,093 | 29,531 |
| **Total** | | 658,839 | - | 658,839 | 611,379 | - | 611,379 | - | 149,681 | 461,698 | 47,460 | 509,158 |

# एनआरएन इन्भेष्टमेन्ट लिमिटेड

प्रथम वार्षिक साधारण सभाको काम कारवाहिको विवरण(माइन्यूट)

१. **वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम संस्थाको प्रथम वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री जिवनाथ लामिछानेज्यूको अध्यक्षतामा निम्न उल्लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरू उपर छलफल गरी देहाय बमोजिम निर्णय पारित भयो ।

२. **सभाको मिति, स्थन र समय :**

मिति : २०७० साल कार्तिक महिना ८ गते (तदनुसार २५अक्टोवर २०१३, शुक्रबार) ।

स्थान : होटल साँग्रीला, काठमाण्डौ

समय : विहान १०:०० बजे प्रारम्भ भई दिउँसो २:०० बजे सम्म

३. **सभाको सूचना :**

कम्पनी ऐन,२०६३ को दफा ६७ बमोजिम कम्पनीको प्रथम वार्षिक साधारणसभाको सूचना शेयधनीहरूलाई पठाउनुको साथै मिति २०७०/०६/१० र २०७०/०६/२४ को राष्ट्रिय दैनिक पत्रिका अभियानमा सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना पनि शेयरधनी महानुभावहरूमा जानकारीको लागि प्रकाशित गरीएको थियो ।साथै उपस्थित शेयरधनी महानुभावहरूलाई आर्थिक वर्ष २०६९/७० को वार्षिक लेखापरीक्षण प्रतिवेदन एवं आर्थिक वित्तीय विवरणहरू उपलब्ध गराईएको थियो ।

४. **छलफलको विषय :**

१. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ. व. २०६९/०७० को प्रतिवेदन उपर छलफल तथा निर्णय पारीत गर्ने ।

२. आ. व. २०६९/०७० को लेखापरीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्त सम्मको वासलात र आ. व. २०६९/०७० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारीत गर्ने ।

३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ. व. २०७०/०७१ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारीश्रमीक निर्धारण गर्ने ।

४. संस्थापक समुहका शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने ।

५. कम्पनीको रजिष्टर्ड ठेगाना परीवर्तनका लागि प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन गर्ने सम्बन्धमा ।

६. विविध ।

५. **उपस्थिति**

५.१ सभामा उपस्थित सञ्चालकहरू :

श्री जीवनाथ लामिछाने -सञ्चालक अध्यक्ष

श्री कुमार प्रसाद पन्त - सञ्चालक-सदस्य

श्री महेशकुमार श्रेष्ठ - सञ्चालक-सदस्य

श्री शेष घले - सञ्चालक-सदस्य

श्री रामेश्वर शाह - प्रवन्ध सञ्चालक

५.२ अन्य पदाधिकारीको उपस्थित

१. श्री उषा खतिवडा - चिफ अपरेटिङ्ग अफिसर
२. श्री बद्रीविशाल घिमिरे - कम्पनी सचिव
३. श्री उद्धव सिलवाल - प्रतिनिधि टि.आर. उपाध्याय एण्ड कम्पनी (लेखापरीक्षक)

५.३ शेयरधनीहरूको उपस्थित

१. स्वयम उपस्थित हुने शेयरधनीहरूको संख्या - ८२
२. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीहरूको सख्या - १७४
३. जम्मा उपस्थिति संख्या - २५६

६. **गणपुरक संख्या(कम्पनी ऐन,२०६३ को दफा ७३ अनुरूप) शेयरधनीहरूको उपस्थित :**

| उपस्थिति | प्रतिनिधित्व | | प्रतिशत |
|---|---|---|---|
| | शेयरधनी | शेयरकित्ता | शेयर संख्या |
| स्वयं उपस्थिति | ८२ | ९११,३२२ | ३६.५० % |
| प्रोक्सी मार्फत | १७४ | ५२८,५९९ | २१.१७ % |
| जम्मा उपस्थिति | २५६ | १४,३९,९२१ | ५७.६७ % |

७. **सभाको वैधानिकता र सभाको अध्यक्षता**

७.१ कम्पनीको नियमावली र कम्पनी ऐन, २०६३ को दफा ७३को उपदफा(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरू मध्ये कम्तीमा ३ जना शेयधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको प्रथम वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरूको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयधनीहरूको संख्या ८२ भएको र कुल बाँडफाँड भएको २४,९६,४८१ शेयरको ५७.६७ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपुरक संख्या पुगेको प्रमाणीत गरी प्रचलित कानून अनुसार सभा वैधानिक भएको जनाकारी गराउनु भयो ।

७.२ कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्बन्धमा कम्पनी सचिवले जानकारी गराउँदै १०:३० बजे अध्यक्ष श्री जिवनाथ लामिछानेज्यूको अध्यक्षतामा कम्पनीको प्रथम वार्षिक साधारणसभा

Investment Limited
Kathmandu, Nepal

शुरू गर्न कम्पनी सचिवलाई अनुमति दिनु भए बमोजिम कम्पनी सचिवले सभालाई सञ्चालन गर्नु भयो ।

८. **स्वागत मन्तव्य :**

कम्पनीका प्रबन्ध सञ्चालक श्री रामेश्वर शाहज्यूले यस साधारणसभामा उपस्थित शेयधनी महानुभावहरू लगायत उपस्थित सबैलाई स्वागत अभिवादन गर्दै कम्पनीको काम कारवाही तथा कम्पनीको भावी योजनाको सम्बन्धमा छोटकरीमा प्रकाश पार्दै प्रथम वार्षिक साधारणसभाको सफलताको लागि देखाउनु भएको अभिरूची सराहनीय भएको भन्दै स्वागत मन्तव्य दिनु भएको थियो ।

९. **प्रथम वार्षिक प्रतिवेदनको प्रस्तुति :**

९.१ सभाको प्रारम्भको क्रममा आ.ब. २०६९/०७० को सञ्चालक समितिको लिखित प्रतिवेदन अध्यक्षज्यूले सभा समक्ष पढेर सुनाउनु भयो ।

९.२ यस कम्पनीको ५१ प्रतिशत शेयर लगानी रहेको हिमालयन पावर पार्टनर लि. को दोर्दी खोला जलविद्युत अयोजना (२७.० मे.वा.) निर्माणका क्रममा हाल सम्म भएको प्रगतिका सम्बन्धमा आयोजनाका वरिष्ठ इन्जिनियर श्री मुन्ना शाक्य ज्युले सभालाई कम्प्यूटर पावर प्वाईन्ट प्रिजेन्टेशनको माध्यम द्वारा जानकारी गराउनु भयो ।

९.३ तत्पश्चात आ. व. २०६९/०७० को लेखापरीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्त सम्मको वासलात र आ. व. २०६९/०७० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण समेत छलफलका निमित्त सभा समक्ष प्रस्तुत गरीयो ।

१०. **छलफलका लागि आव्हान र सहभागी शेयरधनीहरू :**

१०.१ सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आयोजना निर्माणको प्रगति प्रतिवेदन तथा कम्पनीको आ. व. २०६९/०७० को लेखापरीक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्त सम्मको वासलात र आ. व. २०६९/०७० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण उपर कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभाका अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले शेयरधनी महानुभावहरू समक्ष अनुरोध गर्नु भए पश्चात शेयरधनी महानुभावहरूले छलफलका क्रममा गर्नु भएको प्रश्न तथा जिज्ञासाहरूको सभाअध्यक्ष, तथा सम्बन्धित पदाधिकारीहरूले चित्तबुझ्दो जवाफ दिनु भएको थियो ।

११. **सभाको निर्णय :**

आजको सभामा शेयरधनी महानुभावहरूले व्यक्त गर्नु भएको अमूल्य सुझाव, सल्लाहलाई कम्पनीले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन सभाका अध्यक्ष श्री जीवनाथ लामिछानेज्यूले सभा समक्ष अनुरोध गर्नु भयो ।

**१). सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.ब २०६९/०७० को प्रतिवेदन पारित गर्ने ।**

अध्यक्षज्यूको मन्तव्य तथा प्रथम वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको तर्फबाट आ.ब. २०६९/०७० को प्रतिवेदन अनुमोदनका लागि सभा समक्ष प्रस्तुत गर्नु भएकोमा सभाले सर्वसम्मतीबाट अनुमोदन गरी पारित गर्ने निर्णय गर्‍यो ।

Investment Limited
Kathmandu, Nepal

२). **आ. व. २०६९/०७० को लेखापरीक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्त सम्मको वासलात र आ. व. २०६९/०७० को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारीत गर्ने ।**

लेखापरिक्षकको प्रतिवेदन सहित २०७० साल आषाढ मसान्तको वासलात, २०६९ श्रावण १ गते देखि २०७० साल आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँट हिसाव र सोही अवधिको नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसूचिहरू पारित गरियोस भनी सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरू सर्वसम्मतिबाट परित गर्ने निर्णय गऱ्यो ।

३) **कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७०/७१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको परिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ. व. २०७०/७१ को लागि लेखापरिक्षक नियुक्त गरी निजको पारिश्रमीका निर्धारण गरीयोस भनि सभाका अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले कम्पनीको लेखापरीक्षकमा टि.आर. उपाध्यय एण्ड कम्पनीका चार्टड एकाउन्टेन्ट श्री तिर्थाराज उपाध्ययलाई नियुक्त गर्नै र परीश्रमीकको हकमा रू. ७५,००० - (अक्षरेपी पचहत्तर हजार रूपैंया मात्र) निर्धारण गर्ने निर्णय पारीत गऱ्यो ।

४) **संस्थापक समुहका शेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन गर्ने ।**

कम्पनी ऐन, यस कम्पनीको नियमावली तथा निर्देशिका बमोजिम यस कम्पनीको संस्थापक शेयरधनीहरूको समुह "क" को उप-समुह क, ख, ग, घ, ङ र च को प्रत्येक समुहबाट एक जनाका दरले प्रतिनिधित्व गर्ने ६(छ) सञ्चालकहरूको निर्वाचनमा प्रत्येक उप-समुहबाट एक/एक जना गरी जम्मा निम्न अनुसार ६(छ) जना मात्र उम्मेदवारको मनोनयन परेकोले उहाँहरू कम्पनीको सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनु भएको व्यहोरा निर्वाचन अधिकृतले घोषणा गर्नु भयो ।

| सञ्चालकको नाम | उप-समुह | प्रतिनिधित्व गर्ने क्षेत्र |
|---|---|---|
| जीवनाथ लामिछाने ( रसिया ) | क | बेल्जीयम, डेनमार्क, फिनल्यण्ड, फ्रान्स, जर्मनी, ग्रीस, इटाली, नर्वे, पोंचुगल, रसिया र स्वीजल्यण्ड |
| महेश कुमार श्रेष्ठ ( जापान ) | ख | जापान, सिंगापुर र चाईना |
| विनोद कुँवर (कोरीया ) | ग | वेलायत र कोरीया |
| शेष घले ( अष्ट्रेलिया ) | घ | अष्ट्रेलिया (संस्थागत) र अष्ट्रेलियाका केही व्यक्तिगत |
| कृष्णप्रसाद पाण्डे ( हङ्कङ ) | ङ | अष्ट्रेलिया (व्यक्तिगत), न्यूजल्याण्ड, संयूक्त अधिराज्य अमेरीका, क्यानडा, चिली र हङ्कङ |
| रामेश्वर शाह ( यूएई ) | च | मध्यपुर्ब र अफ्रीकी देशहरूका लगानीकर्ताहरू : नाईजेरीया, रूवाण्डा, दक्षिण अफ्रीका, तान्जानिया, यूगाण्डा, जाम्वीया, इजरायल, कतार, साउदी अरेवीया, र यूएई |

Investment Limited
Kathmandu, Nepal

साथै आगामि कर्यकालको लागि सञ्चालक पदमा नियुक्त हुन हुने सबै नव नियुक्त सञ्चालक ज्यूहरूलाई निर्वाचन अधिकृत श्री बद्रीविशाल घिमिरेज्यूले हार्दिक बधाई दिदै उहाँहरूको कार्यकालमा कम्पनीले उत्तरोत्तर प्रगति गर्न सकोस भन्ने शुभकामना व्यक्त गर्नु भयो ।

**५. कम्पनीको रजिष्टर्ड ठेगाना परीवर्तनका लागि प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन गर्ने सम्बन्धमा ।**

यस कम्पनीको हालको कार्यालय का.म.न.पा. वडा नं. १ बाट, जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ३ मा सार्नु पर्ने भएको हुँदा सोका लागि कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगाना परिर्वतन गर्नको लागि कम्पनीको प्रबन्धपत्रको दफा तथा नियमावलीको नियम संशोधन गर्नु पर्ने भएकोले तपसील बमोजिम संशोधन गर्ने निर्णय गरीयो र सोका लागि नियमन कारी निकायमा निवेदन गर्न सम्बन्धित निकायको निर्देशन बमोजिम आवश्यक सम्पूर्ण कार्य गर्न गराउनका लागि यस कम्पनीको सञ्चालक समितिलाई अख्तियारी दिने सर्व-सम्मत निर्णया गरीयो ।

<u>तपसील</u>

**<u>प्रबन्धपत्र तर्फ :</u>**

- दफा २ : यस कम्पनीको रजिष्टर्ड कार्यालय जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ३ मा रहने छ । आवश्यकताअनुसार स्वीकृतिलिई नेपाल भित्र जुनसुकै ठाउँमा रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिने छ ।

**<u>नियमावली तर्फ :</u>**

- दफा २ : यस कम्पनीको रजिष्टर्ड कार्यालय जिल्ला काठमाण्डौ का.म.न.पा. वडा नं. ३ मा रहने छ । आवश्यकताअनुसार स्वीकृतिलिई नेपाल भित्र जुनसुकै ठाउँमा रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिने छ ।

**६. विविध ।**

विविध अर्न्तगत छलफल हुँदा आ. व. २०६९/०७० मा यस कम्पनीको सञ्चालक समितिबाट भए गरीएका काम कारवाहीहरूलाई यसै सभाबाट अनुमोदन गर्ने भन्ने निर्णय गरीयो ।

**१३. कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम छलफल र निर्णय :**

कम्पनी ऐन २०६३ को दफा ७४ मा उल्लेख भए बमोजिम यस कम्पनीको प्रथम वार्षिक साधारणसभाको अध्यक्षता कम्पनीका सञ्चालक अध्यक्ष श्री जीवानाथ लामिछानेज्यूले गर्नु भएको र साधारणसभामा छलफल गरिने भनि सुचना गरीएको सबै विषयहरू प्रस्तावको रूपमा सभा समक्ष पेश गर्नू भएको र उक्त सर्म्पूण प्रस्तावहरू सभाले सर्वसम्मतिबाट पारित गरेको सभाका अध्यक्षज्यूले घोषण गर्नू भयो ।

**१४. कम्पनी ऐन, २०६३ को दफा ७५ बमोजिम विवरण राख्ने सम्बन्धमा :**

कम्पनी ऐन २०६३ को दफा ७५ मा उल्लेख भए बमोजिम यस कम्पनीको प्रथम वार्षिक साधारणसभाबाट पारित निर्णयहरूको विवरण बनाई राखिने र सो विवरणमा साधारण सभाका अध्यक्ष श्री जीवनाथ लामिछानेज्यू तथा कम्पनीका कम्पनी सचिव श्री बद्रीविशाल घिमिरेज्यूको संयुक्त दस्तखतबाट प्रमाणीकरण गर्न सक्ने कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

Investment Limited
Kathmandu, Nepal

**धन्यवाद ज्ञापन सभा विसर्जन :**

सभा-अध्यक्षज्यूले कम्पनीको वार्षिक साधारणसभामा सहभागी भई सभालाई सूचारू रूपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरू, सञ्चालक समितिका सहकर्मी सदस्यहरू, व्यवस्थापन तथा कर्मचारीहरू, आमन्त्रित व्यक्तिहरू, कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । सभा-अध्यक्षज्यूले शेयरधनीहरूले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो र प्रथम वार्षिक साधारणसभा विसर्जन भएको घोषणा गर्नु भयो ।

बद्रीविशाल घिमिरे
कम्पनी सचिव

जिवनाथ लामिछाने
सभा-अध्यक्ष